आ.व. २०७५/०७६ को दशौं बैठक

आज मिति **२०७५ साल मंशीर २६ गते बुधवार विहान ९ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री बिष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।
सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री खिमलाल वली लेखा अधिकृत
२. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.
३. श्री रेशमराज अधिकारी प्र.लेपा

## प्रस्तावहरु :

१. सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमित जग्गाबाट अतिक्रमण हटाउन टिम निर्माण गर्ने सम्वन्धमा ।

२. कर्मचारी समायोजन सम्वन्धमा ।

३. सम्पुर कोष तथा विशेष अनुदानबाट सञ्चालन गर्ने योजना छनौट सम्वन्धमा ।

४. साझेदारी कार्यक्रम अन्तर्गत गाई भैसी स्रोत केन्द्रको प्रस्ताव सम्वन्धमा ।

५. शिक्षकहरुको दरवन्दी मिलान सम्वन्धमा ।

६. ईन्जिनियर तथा सव ईन्जिनियर पदको सेवा करारमा लिने सम्वन्धमा ।

७. जनप्रतिनिधिहरुको पारिश्रमिक र पदपूर्ति सम्वन्धी कार्यमा थप बजेट विनियोजन सम्वन्धमा ।

८. कृषि तालिमको बजेट अन्य कार्यक्रम तथा योजनामा विनियोजन गर्ने सम्वन्धमा ।

९. EIA, चक्रपथ निर्माणमा आन्तरिक श्रोतबाट थप बजेट विनियोजन गर्ने सम्वन्धमा ।

१०. ल्याण्डफिल साईट/फोहरमैला व्यवस्थापन केन्द्र सम्वन्धमा ।

११. सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सेवा परामर्शबाट पारिश्रमिक भुक्तानी दिने सम्वन्धमा ।

१२. बस्तुगत विवरणको नमूनामाथि छलफल गरी थप सुझाव दिने सम्वन्धमा ।

१३. सुत्केरी प्रोत्सहान भत्तालाई निरन्तरता दिने सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा जिल्ला प्रशासन कार्यालय दाङको च.नं.२०७७ मिति २०७५/०८/१७ को पत्रसाथ प्राप्त गृह मन्त्रालय गुनासो व्यवस्थापन शाखाको च.नं.११५ मिति २०७५/०६/१५ को पत्र अनुसार सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमित जग्गाबाट अतिक्रमण हटाउन टिम निर्माण गर्नको लागि कार्यापालिको अर्को बैठकमा व्यापक छलफल गरी टिम निर्माण सम्वन्धी निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२५ मिति २०७५/०८/२४ को पत्रमा कर्मचारी संमायोजन अध्यादेश,२०७५ को दफा ६ को उपदफा (४) मा साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्वन्धित स्थानीय तहले अध्यादेश प्रारम्भ भएको मितिले १० दिन भित्र समायोजन भएको पत्र दिई सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ भन्ने उल्लेख छ । अतः अध्यादेशको दफा ६ को उपदफा (४) बमोजिम आफ्नो कार्यपालिकाबाट निर्णय गराई सम्वन्धित कर्मचारीहरुलाई निजहरुको स्थायी नियुक्ति पत्रको सक्कल प्रति रुजु गरी १० दिन भित्र समायोजन भएको पत्र दिई सो को जानकारी यस मन्त्रालयलाई समेत दिनु भनी मिति २०७५/०८/२४ मा सचिवस्तरीय निर्णय भएको भनी लेखि आएकाले साविकका स्थानीय निकायहरुबाट स्थायी नियुक्ति पाई हाल यस राप्ती गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सह-लेखापाल श्री रेशमराज अधिकारी, असिष्टेन्त सब-ईन्जिनियर श्री बिमला भट्टराई र कार्यालय सहयोगी श्री [illegible] चौधरीलाई निजहरुको स्थायी नियुक्ति रुजु गरी समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा सम्पुरक कोष तथा विशेष अनुदानबाट सञ्चालन गर्ने योजनाको सम्वन्धमा राप्ती गाउँपालिका वडा नं.-६ को पत्थरगढवाको पक्की पुलको लागि DPR तयार भैसकेकाले उक्त पुल निमार्णको लागि सम्पुरक कोषबाट आवश्यक बजेट विनियोजन गरी सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा राप्ती गाउँपालिकाका २ स्थानमा रहेका गाई भैसी श्रोत केन्द्रहरुलाई छलफल गराई १ स्थानमा गाभी (मर्ज) प्रस्ताव पेश गर्न कृषि प्रसार अधिकृत श्री महेश अधिकारीलाई जिम्मेवारी दिने र उक्त श्रोत केन्द्रको आवश्यकता अनुसार गर्ने प्रस्ताव तयार गरी प्रदेश नं.५ को कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयमा रहेका शिक्षकहरुको दरवन्दी विद्यार्थी शिक्षक अनुपातमा मिलान गर्ने निर्णय गरियो ।।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको लागि आवश्यक १ जना ईन्जिनियर/सिभिल/जनरल पदको र १ जना सब-ईन्जिनियर/सिभिल/जनरल पदको सेवा करारमा लिने सम्वन्धमा ***"राप्ती गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७५"*** अनुसार सेवा करारमा लिने निर्णय गरियो ।।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा चालु आ.व.०७५/०७६ मा यस राप्ती गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको पारिश्रमिक, दैनिक भ्रमण भत्ता तथा बैठक भत्ता र गाउँपालिकाले गर्ने पदपूर्ति सम्वन्धी कार्यका लागि पुगेसम्म आन्तरिक श्रोतबाट भुक्तानी गर्ने गरी देहाय वमोजिम बजेट विनियोजन गर्ने देहायको निर्णय गरियो ।

**विनियोजन गर्ने शिर्षक र बजेट :-**

१. जनप्रतिनिधिहरुको पारिश्रमिक रु. ६४ लाख ।
२. दैनिक भ्रमण भत्ता रु. ९ लाख ।
३. बैठक भत्ता रु. १९ लाख १३ हजार ५ सय १५ रुपैयाँ ।
४. पदपूर्ति सम्वन्धी कार्यको लागि थप रु. ३ लाख ।

***जम्मा रु. ९५ लाख १३ हजार ५ सय १५ रुपैयाँ***

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा चालु आ.व.०७५/०७६ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस राप्ती गाउँपालिकाका सबै वडालाई रु. ४० हजारका दरले कृषि तालिममा बजेट विनियोजन भएकोमा केहि वडाहरुमा तालिम सञ्चालन भैसकेको र केही वडाहरुबाट उक्त तालिमका सन्दर्भमा गुनासाहरु प्राप्त हुन आएको हुँदा तालिम सञ्चालन गर्न बाँकी रहेका वडामध्ये वडा नं. १,४,८ र ९ मा उक्त तालिमको बजेट निम्न योजना तथा कार्यक्रममा विनियोज गर्ने निर्णय गरियो ।

***वडा नं.१ को***

एन्टी रेविज भ्याक्सीन खरिद तथा कुकुर बन्ध्याकरणको लागि रु. ४० हजार ।

*वडा नं.४ को*

खाद्यान्न तथा तरकारी बालीमा प्रयोग हुने विषादीको असर सम्वन्धी चेतनामूलक होर्डिङ्ग बोर्डहरु सार्वजनिक स्थलहरुमा राख्नको लागि रु. ४० हजार ।

*वडा नं.८ को*

गहीरी कान्तीमा पक्की पनफकुवा बाँध निर्माणको लागि रु. ४० हजार ।

*वडा नं.९ को*

नामसालिङ सामुदायिक विकास केन्द्रले निर्माण गर्नलागेको कृषि उपज संकलन केन्द्र लागि थप रु. ४० हजार ।

**निर्णय नं. ९**

प्रस्ताव नं.९ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्रमागत योजना अन्तर्गत EIA, चक्रपथ निर्माणका गत आ.व.०७४/०७५ को भुक्तानी बाँकीको लागि रु. १० लाख विनियोजन गरिएकोमा आन्तरिक श्रोतबाट रु. ६ लाख रुपैयाँ थप विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं.१० माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको वडा नं.-२ को च.नं.६४० मिति २०७५/०८/१६ प्राप्त पत्रसाथ संलग्न सरोकारवालाहरुको बैठकको निर्णय नं.१ मा उक्त वडाको पशु वृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्र देखि दाहसंस्कार प्रतिक्षालय जाने बाटोको प्रतिक्षालय देखि प्रगन्ना सिंचाई योजनाको तटवन्धको दक्षिण तर्फको ऐलानी जग्गा ल्याण्डफिलको लागि उपलब्ध गराउने तर फोहर व्यवस्थापनको अवधारण कस्तो हो ? भविष्यमा फोहर प्रशोधन तथा जलवायु प्रदुषणको लागि के कस्तो प्रकृया अवलम्वन गरिने हो ? गाउँपालिकाबाट लिखित प्रतिवद्धता भएमा अर्को बैठकमा छलफल गर्ने गरी निर्णय भएको व्यहोरा लेखि आएकोमा सो स्थानमा दुर्गन्ध नफैलिने व्यवस्था मिलाईने भएकोले यस गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार प्रतिवद्धता व्यक्त गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं.११ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत सञ्चार संयोजक श्री तिर्थराज ज्ञवाली, स.क.अ.श्री सुनीता बस्नेत र पाले शिवराज सुवेदीको पारिश्रमिक हालसम्म तलव भत्ता शिर्षकबाट भुक्तानी दिदै आएकोमा अव उप्रान्त निजहरु दुवैको पारिश्रमिक सेवा परामर्शबाट भुक्तानी दिने र सो को लागि रु. ६,७६,८००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं.१२ माथी छलफल गर्दा नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC), नामसालिङ-४ इलामले पेश गरेको यस राप्ती गाउँपालिकाको वस्तुगत विवरणको नमूना मस्यौदामाथि विषयगत समितिमा छलफल गरी सो को मस्यौदा प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्न लागाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं.१३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाले गत आ.व.०७४/०७५ मा स्वास्थ्य चौकीमा गई सुत्केरी हुने महिलाई दिएको सुत्केरी प्रोत्साहन भत्तालाई चालु आ.व.०७५/०७६ मा पनि निरन्तरता दिने निर्णय गरियो ।